



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २२ ❑ अङ्क १८० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असार २९ गते मंगलबार ❑ 13 July 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## प्रतिनिधिसभा पुनर्स्थापना

**रासस**
**काठमाडौं, २८ असार**

सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनर्स्थापना गर्दै दुई दिनभित्र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउने परमादेश जारी गरेको छ। प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा, वरिष्ठतम् न्यायाधीशहरू दीपककुमार कार्की, मीरा खड्का, ईश्वरप्रसाद खतिवडा र डा आनन्दमोहन भट्टराईको संवैधानिक इजलासले आज उक्त फैसला सुनाउँदै यही असार २९ गते मङ्गलबार अपराह्न ५ बजेभित्र प्रधानमन्त्री नियुक्ति गर्न भनेको छ।

"प्रतिनिधिसभाका १४९ जना सदस्य (बहुमत सदस्यहरू) ले समर्थन जनाएको कुरालाई विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेको भनी मान्नुपर्ने पर्याप्त र मनासिब आधार देखिएको हुँदा सोहीबमोजिम आजको मितिले दुईभित्र अर्थात् २०७८ असार २९ गते अपराह्न ५ बजेभित्र उपरोक्तअनुसार संविधानसम्मत रूपमा २०७८/२/७ गते राष्ट्रपतिसमक्ष दाबी पेश गरेका प्रतिनिधिसभा सदस्यलाई प्रधानमन्त्री पदमा नियुक्ति गर्नू", फैसलामा भनिएको छ। यस्तै फैसलामा "संविधानको धारा ७६ को उपधारा (६) बमोजिम विश्वासको मत प्राप्त गर्ने प्रक्रिया पूरा गर्नू/गराउनू भनी प्रत्यार्थीमध्येका राष्ट्रपतिको कार्यालय तथा सङ्घीय संसद्को पुनर्स्थापित प्रतिनिधिसभाका नाउँमा परमादेश जारी हुने ठहर्ने समेत उल्लेख गरिएको छ।

नेपालको संविधानको धारा ७६ (५) बमोजिम प्रधानमन्त्री नियुक्ति गर्ने प्रयोजनका लागि विश्वास जनाएको वा समर्थन गरेको कारणबाट राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिम दल त्यागसम्बन्धी कारबाही गर्न नमिल्ने फैसलामा छ। फैसलामा भनिएको छ, "उक्त प्रावधानबमोजिम प्रधानमन्त्री पदमा नियुक्ति सन्दर्भमा प्रतिनिधिसभाका कुनै सदस्यप्रति विश्वास जनाएको, समर्थन गरेको, आफ्नो अभिमत वा धारणा व्यक्त गरेको वा मतदान गरेको कुरालाई लिएर प्रतिनिधिसभाका कुनै पनि सदस्यउपर दल त्यागसम्बन्धी कारबाही नगर्नू, नगराउनू भनी प्रत्यार्थीहरूका नाउँमा प्रतिषेधको आदेश जारी हुने ठहर्छ।" अदालतले आगामी साउन ३ गते प्रतिनिधिसभाको बैठक बोलाउनसमेत भनेको छ। फैसलाको पूर्णपाठ आउन बाँकी छ। सर्वोच्च अदालतले संविधानको धारा ७६ (५) अनुसार सरकार गठन गर्न सघाउँदा सांसदहरूलाई सम्बन्धित दलले अनुशासनको कारबाही गर्न नपाउने फैसला गरेको छ। प्रतिनिधिसभा विघटनविरुद्ध १४६ सांसदले दायर गरेको रिटमाथि फैसला सुनाउँदै सर्वोच्चले धारा ७६ (५) अनुसार सरकार गठनमा दलीय अनुशासनका सम्बन्धमा बोलेको हो। सर्वोच्चको फैसलाअनुसार धारा ७६ (५) को सरकार गठनमा दलीय ह्विप र अनुशासनको कारबाही निष्प्रभावी हुने भएको छ। अदालतले विश्वासको मत लिन नसक्नु भएका प्रधानमन्त्री केपी शर्मा ओलीले संविधानको धारा ७६ (५) अनुसार प्रधानमन्त्री नियुक्तिका लागि दाबी संविधानसम्मत नदेखिएको ठहर गरेको छ। "नेपालको संविधानको धारा ७६ (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त नगरेको वा निजले सो प्रक्रिया परित्याग गरेको कारणबाट उपधारा (५) बमोजिम प्रधानमनन्त्री नियुक्ति हुने अवस्थामा निजले दाबी पेश गर्न नमिल्ने भएकाले तत्काल विश्वासको मत लिन नसक्नु भएका प्रधानमन्त्री ओलीले धारा ७६ (५) बमोजिम प्रधानमन्त्री पदमा नियुक्तिका लागि गर्नुभएको दाबी संविधासम्मत देखिएन।"

संविधानको सोही धाराअनुसार प्रधानमन्त्री नियुक्तिका लागि देउवाको दाबी उचित रहेको फैसलामा छ। "संविधानको धारा ७६ (५) बमोजिम प्रधानमन्त्री पदमा नियुक्तिका लागि शेरबहादुर देउवाले १४९ जना प्रतिनिधिसभाका सदस्यहरूको समर्थन रहेको भनी गर्नुभएको दाबीलाई संविधानको धारा ७६ (५) प्रतिकूल हुने गरी दाबी नपुग्ने भनी गरिएको निर्णय उपरोक्त प्रकरण (क) मा उल्लेख भएअनुसार बदर गरिएको छ।"

अदालतले जुन विन्दुबाट संविधानको प्रयोग र पालनामा त्रुटि भएको छ, सोही अवस्थामा संविधानसम्मत् तबरले प्रक्रिया अगाडि बढाउनु मनासिब हुने देखिएको फैसलामा छ। पुनर्स्थापित प्रतिनिधिसभाको अधिवेशन आजका मितिले सात दिनभित्र अर्थात् साउन ३ गते आइतबार ५ बजेभित्र प्रारम्भ हुने गरी नेपालको संविधानबमोजिम अधिवेशन आह्वान गरी नियमित रूपमा बैठक बस्ने व्यवस्था तत्काल मिलाउन अदालतले परमादेश जारी गरेको छ।

प्रतितिधिसभा विघटन नेपालको संविधानको मूल्य मान्यता विपरीत भएको उल्लेख गर्दै फैसलामा भनिएको छ, "सङ्घीय संसद्को प्रतिनिधिसभाको विवादित विघटन कार्य नेपालको संविधानको धारा ७६ (५) उपधारा (७) मा रहेको प्रावधान, संविधानले आत्मसात् गरेको लोकतान्त्रिक आदर्श, मूल्य मान्यता, संविधानवाद तथा संवैधानिक नैतिकता अनुकूल पनि देखिएन।" अदालतले २०७७ फागुन ११ मा गरिएको संविधानको व्याख्या र जारी गरिएको आदेशको मर्म अनुकूल पनि नदेखिएको उल्लेख छ।

सर्वोच्च अदालतमा यही असार ९ गतेदेखि उक्त विवादमा नियमित सुनुवाइ शुरु भएको थियो। यही असार २१ गते सुनुवाइ सकिएको थियो। उक्त विवादमा जम्मा ११७ जना कानून व्यवसायीले बहस गर्नुभएको थियो। गत जेठ ८ गते मन्त्रिपरिषद्को सिफारिसमा प्रतिनिधिसभा विघटन गरी आगामी कात्तिक २६ र मङ्सिर ३ गते मध्यावधि निर्वाचन तोक्ने गरी राष्ट्रपतिको जेठ ८ गतेको निर्णय बदर गर्न माग गर्दै सर्वोच्च अदालतमा गत जेठ १० र ११ गते गरी ३० रिट निवेदन दर्ता भएको थिए।

## 'समातामुलक समाज निर्माणको लागि दलित महिला जनप्रतिनिधिको भूमिका महत्वपूर्ण'

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ असार**

गण्डकी प्रदेशका प्रदेश प्रमुख सीताकुमारी पौडेलले आफ्नो अधिकारको खोजी गरेर समातामुलक समाज निर्माणको लागि दलित महिला जनप्रतिनिधिको भूमिका महत्वपूर्ण हुने बताउनु भएको छ।



जिल्ला समन्वय समितिको आयोजनमा स्थानीय तहका निर्वाचित दलित महिला वडा सदस्य र जि.स.स पदाधिकारीका लागि आयोजना गरेको क्षमता अभिवृद्धि कार्यक्रमको उद्घाटनमा उहाँले सो कुरा बताउनुभयो।

उहाँले मानव मानवबीचको सम्बन्धमा कुरीतिको रुपमा रहेको जातीय भेदभावलाई विसं २०६२/०६३ सालको ऐतिहासिक जनआन्दोलनबाट पुनःस्थापित संसदले २०६३ जेठ २१ गते नेपाललाई छुवाछूत मुक्त राष्ट्र घोषणा गरेको स्मरण गराउँदै २०६८ मा जातीय भेदभाव तथा छुवाछुत कसूर र सँजाय ऐन बनेको बताउनुभयो। उहाँले शताब्दीयौदेखि बहिस्करणमा पारिएको दलित समुदायको उत्थानका लागि जनप्रतिनिधिले वडा तथा पालिकाका नीति कार्यक्रम योजना तर्जुमा गर्दा यथोचित सहभागिता हुन आवश्यक रहेको औल्याउनुभयो।

स्थानीय तहमा आएका बजेटबारे चासो राख्नु, रकम लक्षित समुदायमा खर्च भएको छ कि छैन बुझ्न अग्रसर हुनुका साथै स्वास्थ्य, खानेपानी लगायत आधारभूत आवश्यकताका कुरामा उत्पीडित महिला सदस्यको भूमिका प्रभावकारी हुने उहाँको भनाई थियो। कार्यक्रममा प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमले नेपालको संविधानको प्रस्तावनामानै सबै खाले विभेदको अन्त्य गर्ने कुराको सुनिश्चित गर्दै मौलिक हक अन्तर्गत समानताको हक, छुवाछुत तथा भेदभाव विरुद्धको हक व्यवस्था गरिएको जनाउँदै जनप्रतिनिधिहरुले आफ्नो अधिकारको प्रयोग गरेर सामाजिक रुपान्तरणमा जुट्नु पर्ने बताउनुभयो। जिल्ला समन्वय समितिका प्रमुख बैनबहादुर क्षेत्रीले सबै प्रकारका जातीय विभेद, कुरीति, कुसंस्कार, अन्धविश्वास लगायत अमानवीय व्यवहारलाई निर्मुल पार्ने जनप्रतिनिधिहरुले सचेतना जोड दिनुपर्ने बताउनुभयो।

दुई दिनसम्म सञ्चालन हुने सो कार्यक्रममा कास्कीका ७२ वडाका दलित जनप्रतिनिधिहरुको सहभागिता हुने र पहिलो दिन ३६को जना सहभागीता रहेको समितिका उपप्रमुख सावित्री भण्डारीले जानकारी दिनुभयो।

## फैसला ऐतिहासिक – कास्कीका चार दल

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ असार**

कास्कीमा क्रियाशील चार राजनैतिक दलले सर्वोच्च अदालतको फैसला ऐतिहासिक भएको बताएका छन्।

नेपाली काँग्रेस कास्की सभापति कृष्ण केसी, नेकपा(माओवादी केन्द्र) कास्की सचिव बखानसिंह गुरुङ, जसपा कास्की अध्यक्ष गिरि प्रसाद गुरुङ र राजमो कास्की अध्यक्ष रविमोहन ढकालले संयुक्त विज्ञप्ति प्रकाशित गरी फैसलाप्रति सम्मान व्यक्त गर्दै बधाई ज्ञापन गरेका छन्।

फैसला अदालतमाथि थप विश्वास बढेको उल्लेख गर्दै संविधान निर्माणकर्ता, नेपाली जनता, राजनैतिक पार्टी र प्रजातन्त्रमा विश्वास राख्ने सबैका लागि ऐतिहासिक महत्वको भएको जनाइएको छ। ओली सरकारको ज्यादतीबाट देश, प्रजातन्त्र र संवैधानिक प्रक्रियाको रक्षा गर्न संगठित नेपाली काँग्रेस, नेकपा(माओवादी केन्द्र), जनता समाजवादी पार्टी, नेकपा एमाले माधव कुमार नेपाल समूह र राष्ट्रिय जनमोर्चाको प्रयास, विद्वान अधिवक्ताको संवैधानिक बहस पैरवी, नागरिक समाजसहित सम्पूर्ण प्रजातन्त्रवादीहरुको साझा प्रयास सफल भएको उल्लेख छ।

विज्ञप्तिमा चाडो भन्दा चाडो खोपको व्यवस्था गरी नागरिकलाई आश्वस्त पार्न, विगतका अहंकार र मनोमानीबाट भत्केका बिग्रेका संवैधानिक प्रक्रियालाई पुनःस्थापित गरी पार्टीहरुबीचको समझदारीको आधारमा सरकार गठन गरी लोकतन्त्रलाई संस्थागत गर्न सरकार सफल बनोस् भनि शुभकामना व्यक्त गरिएको छ।

## पृथ्वी राजमार्ग बस संचालक कम्पनीले लामो दुरीका बसहरु संचालन गर्ने तयारी

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ असार**

पृथ्वी राजमार्ग बस संचालक कम्पनी प्रा.लि.ले लामो दुरीका यात्रु बाहक सवारी साधन (बस) संचालन गर्ने तयारी गरेको छ।




कास्कीमा निषेधाज्ञा भएको अबस्थामै कम्पनीले सोमबार पोखरामा आयोजित पत्रकार सम्मेलन मार्फत आफ्ना मजदुरको रोजीरोटी र व्यवसायको संरक्षण गर्न आफुहरु बाध्य भयर यही असार ३० देखि सवारी साधन संचालन गर्न लागेको कम्पनीका अध्यक्ष योगेन्द्र बहादुर केसीले बताए।

असार ३० बाटै टिकट काउण्टर खुल्ला गरिने यदि प्रशासनले आफुहरुलाई कुनै सिमित सवारी साधन संचालनको अनुमति दिएमा त्यसको आधारमा आफहरुले सवारी साधन संचालन गर्ने अन्यथा अब सवारी साधनहरु घर ग्यारेज गरेर बस्न सक्ने अबस्था नरहेको अध्यक्ष केसीले दाबी गरे। आफ्नो कारणले मात्र कोरोना शंक्रमण नबढ्ने दाबी गरेका अध्यक्ष केसीले ७२ सिटे हवाई जहाजमा कोरोना नसर्ने, निजी सवारी साधनमा कोरोना नसर्ने तर कालो प्लेटका सवारी साधनमा मात्र कोरोना सर्ने यो कस्तो बुझाई हो भन्दै सरकार प्रति प्रश्न समेत गरेका छन्।

उनले भने "यो निर्णय हाम्रो कुनै रहरले नभई दैनिक रोजीरोटीको व्यबस्था गर्न गरिएको अप्रिय निर्णय हो, यसपाली हाम्रा मजदुरले कसैबाट राहत पाउन सकेनन्।" सरकारको नियम विपरित तपाईहरु जादै हुनुहुन्छ सरकारले पक्राउ गरे के गर्नु हुन्छ भन्ने प्रश्नमा आफुहरुले सहज ढंगले गिरफ्तारी दिन तयार रहेको केसीले जनाए। आवश्यक स्वास्थ्य मापदण्ड पालना गरी आफुहरुले प्रशासन, गण्डकी प्रदेश सरकारसंगलाई ज्ञापन पत्र बुझायर सवारी साधन संचालन गर्ने उनले जनाए। कम्पनीमा हाल करिब १ हजार ४ सय वटा विभिन्न प्रकारका लामो तथा छोटो दुरीमा संचालन हुने सवारी साधनहरु रहेको उनले जनाए। कम्पनीमा हाल ७ हजार २ सय जसो मजदुर, व्यवसायी र कर्मचारी रहेको कम्पनीको दाबी छ। दोश्रो लहरको कोरोनाको कारणले गर्दा करिब १० प्रतिशत जसो व्यवसायीहरु पलायन भएको अध्यक्ष केसीले दाबी गरे। उनले भने "अझै व्यवसायीहरु पलायन हुने अबस्था आउन सक्छ, अधिकांश व्यवसाय तथा मजदुरहरु बाध्यकारी रुपमा पेशा परिवर्तन गरी निर्माण कार्यमा लाग्न थालेका छन्।" बैंक तथा वित्तिय संस्थाले दैनिक रुपमा व्यवसायीहरुलाई आतंकित बनाएको केसीले जनाए। बिमा कम्पनीले लकडाउनमा छुट नदिएको उनको गुनासो थियो। राज्यले मध्यम तथा लामो दुरीका सवारी साधनहरु संचालन गर्दा कोरोना शंक्रमण बढ्छ भन्ने तथ्यगत आधारविना पेशा व्यवसायमा रोक लगाउनु न्यायसंगत नभएको अध्यक्ष केसीको दाबी छ।

सुदुर पश्चिम र दाङमा लामो दुरीका सवारीसाधन संचालन भएको बताउदै उनले यस क्षेत्रमा सवारी साधनहरु संचालन गर्न अनुमति दिनुपर्ने माग गरे। पेट्रोलिय पदार्थको मुल्य बृद्धि भएकोले त्यसको आधारमा राज्यले समयमै भाडा समायोजन समेन नगर्दा आफुहरु मर्कामा परेको केसीले जनाए। यातायाता मजदुरलाई राज्यले कोरोना बिरुद्धको खोप लगाउने बिषयमा कुनै वास्ता समेत नगरेको व्यवसायीले गुनासो गरे।

दोश्रो चरणको कोरोना शंक्रमण को कारण वैशाख १६ गते देखि सुरु भएको बिषेधाज्ञा कास्कीमा अझै जारी भएकोलेले बजारमा धेरै क्षेत्र खुल्ला भएको अबस्थामा अब लामो दुरीका सवारी साधनहरुलाई समेत खुल्ला गर्नुपर्ने कम्पनीका संस्थापक अध्यक्ष ऐन कुमार शाहीले बताए। यसैबिच, कास्कीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमले यदि कसैले कास्कीमा निषेधाज्ञा अवेज्ञा गर्दै सवारी साधन संचालन गरेमा पक्राउ गरी कारवाही गर्ने चेतावनी दिएका छन्। कास्कीमा आउदो साउन ५ गतेसम्मको लागि सेमि निषेधाज्ञा जारी भएको छ।



# सिल्टेसन ड्यामको विषयमा कानूनी उपचार खोजिने

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ असार**

फेवातालको शिर हर्पन खोलामा निर्माण भएको सिल्टेसन ड्याममा वर्षाका कारण गम्भीर क्षति पुगेको विषयमा सामाजिक सञ्जाल तथा सञ्चार माध्यममा आएका टीकाटिप्पणीप्रति पोखरा महानगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ । फेवाताल संरक्षणको उद्देश्य राखेर गण्डकी प्रदेश सरकारसँगको सहकार्यमा महानगरले चार वटा खोलामा निर्माण गरेका सिल्टेसन ड्याममध्ये हर्पन खोलामा बनाइएको डयाममा क्षति पुगेको बारेमा आएका प्रतिक्रियामा महानगरपालिकाका प्रवक्ता धनबहादुर नेपालीले आइतबार एक विज्ञप्ति प्रकाशित गरी ध्यानाकर्षण भएको जनाउनुभएको हो ।

"क्षतिग्रस्त उक्त सिल्टेसन डयामको गुणस्तर तथा निर्माणका क्रममा तयार गरिएको डिजाइनको विषयमा केन्द्रित भई प्रतिक्रिया आएको पाइएको छ", विज्ञप्तिमा भनिएको छ, "डिजाइनमा भएको त्रुटिका कारणले यस्तो घटना भएको हो वा होइन भनी सो ड्यामको डिजाइन तयार गर्ने परामर्शदातालाई यस कार्यालयको तर्फबाट स्पष्टीकरण सोधिएको छ।" अघिल्लो बर्सातमा ड्याममा भएको क्षतिपश्चात गरिएको मर्मतको विषयमा प्रश्न उठाई उक्त निर्माण कार्यमा संलग्न निर्माण व्यवसायीलाई पुनः मर्मतसम्भार गर्न पत्राचार गरिएको भन्दै डिजाइनकर्ता तथा निर्माण व्यवसायीका तर्फबाट कुनै जवाफ प्राप्त नभएकाले महानगरपालिकाले ताकेता गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ।

"आयोजनाको त्रुटि सच्याउने अवधि तथा बीमालगायतका विषयमा महानगरपालिकाले थप स्पष्ट हुने प्रयास गरेको छ", जारी विज्ञप्तिमा भनिएको छ, "सम्बन्धित पक्षले कानूनी दायित्वबाट कुनै उन्मुक्ति नपाउने तथा कार्यालयले कानूनीरूपमा आफ्नो हित रक्षाका लागि चाल्नुपर्ने सम्पूर्ण कदम चाल्ने र उक्त प्रकरणलाई सार्वजनिक खरिदसम्बन्धी विद्यमान नेपाल कानूनबमोजिम निष्कर्षमा पुऱ्याउने छ ।" सोही चरणमा निर्माण गरिएका अन्य तीन वटा ड्याम यस महानगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐनबमोजिम मर्मत सुधार तथा पुनःनिर्माणका लागि अर्को कम्पनी फेवा सिल्टेसन प्रालिसँग हालै सम्झौता भई संरक्षणको कार्य आरम्भ भएको जानकारी गराउँदै उक्त सम्झौताबमोजिम सो प्रालिसँग वार्ता गरी स्थानीयवासीले उठाएका विषय तथा हाल ड्याममा पुगेको क्षतिलगायत उत्पन्न परिस्थितिको समाधान खोजिने विज्ञप्तिमार्फत स्पष्ट पारिएको छ।

फेवाताल संरक्षणका लागि पोखरा-२३ स्थित हर्पनखोला घाँटीछिनामा रु सात करोड ८८ लाख ६२ हजारको लागतमा १०० मिटर लम्बाइ, १०० मिटर चौडाइ एवं चार मिटर उचाइ रहेको चेक ड्याम तथा सिल्ट पोखरीको निर्माण गरिएको थियो।

# बिरौटा साझा चौतारीको रक्तदानमा ६५ यूनिट रगत संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ असार**

लायन्स क्लव अफ पोखरा बिरौटा साझा चौतारीको आयोजनामा सम्पन्न रक्तदान कार्यक्रममा ६५ यूनिट रगत संकलन भएको छ।

क्लवको वार्षिक कार्यक्रम अर्न्तगत आयोजना गरिएको रक्तदान कार्यक्रममा ६५ यूनिट रगत संकलन भएको हो । कार्यक्रमको उद्घाटन असिस्टेन्ट चिफ एडभाइजर महेश पौडेलले पहिलो रक्तदाता कृष्ण पौडेललाई ब्लड ब्याग हस्तान्तरणा सुरुवात गरेकोकार्यक्रम संयोजक अमृता अधिकारीले जानकारी दिइन्।

क्षेत्रीय रक्तसञ्चार केन्द्र पोखराको प्राविधिक सहयोगमा




भएको कार्यक्रममा डेप्युटी चिफ गोपाल थापा, डिष्ट्रिक सिनियर एडभाइजर दुर्गा कुमारी आचार्य, जोन चियर पर्सन सावित्रा पौडेल लगायतले रक्तदानको महत्वको बारेमा बोलेका थिए । क्लवका अध्यक्ष गीता पराजुलीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव विद्या पौडेल अधिकारीले गरेकी थिइन्।

# गण्डकी सरकारले बनायो मनाङका सरकारी कार्यालयलाई उज्यालो

**पोखरापत्र संवाददाता**
**मनाङ, २८ असार**

बाढी पहिराको जोखिममा जीवनयापन गर्न बाध्य हिमाली जिल्ला मनाङमा उज्यालो छाएको छ । गण्डकी प्रदेश सरकारको सहयोगमा मनाङका १६ वटा सरकारी कार्यालयमा सोलार प्यानल, इन्भर्टर र ब्याट्री जडान कार्य भइरहेको छ।

विद्युत् नहुँदा अस्पतालमा उपचार सेवा र सरकारी काम प्रभावित भएकाले खरिद गरी पठाइएको सोलार जडान कार्य भइरहेको प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले जानकारी दिनुभयो । उहाँका अनुसार जिल्लाका प्रशासन कार्यालय, स्वास्थ्य कार्यालय, प्रहरी कार्यालयलगायतका सरकारी कार्यालयमा सोलार जडान भइरहेको छ । पीडामा परेको जिल्लामा हरेक विषयको अद्यावधिक हुनका लागि पनि सोलार जडान गरी सेवा र सूचना प्रवाहलाई प्रभावकारी बनाउन सोलार, इन्भर्टर र ब्याट्री पठाइएको मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले बताउनुभयो । प्रदेशको ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयले छरितो प्रक्रियामार्फत सामान खरिद गरी पठाएको हो । करिब रु १९ लाखको सामान खरिद गरेर हेलिकोप्टरमार्फत चामे पठाइएको थियो । सामान ढुवानीका लागि लागेको रु चार लाख ३१ हजार गण्डकी सरकारले नै बेहोरेको छ । सार्वजनिक खरिद ऐनको दफा ४१(१) (घ३) बमोजिम विशेष परिस्थितिमा सार्वजनिक खरिद प्रक्रिया अपनाई सामग्री पठाइएको मुख्यमन्त्री पोखरेलले बताउनुभयो । सामान खरिद गरेर लमजुङ सदरमुकाम बेंसीशहरमा पुऱ्याइएको र शुक्रबार मनाङको सदरमुकाम चामे पुऱ्याई शनिबार जडान भइरहेको ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयका सचिव रामचन्द्र श्रेष्ठले बताउनुभयो।

बाढीपहिराका कारण स्थानीयस्तरका लघु जलविद्युत् योजनामा क्षति पुगेकाले मनसुन शुरु भएसँगै मनाङ अन्धकारमा रहेको छ। विभिन्न स्थानका राष्ट्रिय प्रसारण लाइनमा जोडिएको पोल ढलेका कारण सदरमुकाम चामेसहित अन्य गाउँमा बिजुली बल्न सकेको छैन। असार मसान्तमा सम्पादन गर्ने काममा समेत बिजुली नभएकै कारण प्रभावित भएको अवस्थामा गण्डकी सरकारले सोलार सहयोग गरेर सहजता कायम गराएको प्रजिअ लामिछानेले बताउनुभयो।

जिल्ला प्रशासन कार्यालय मनाङले तोकेको प्राथमिकताका आधारमा सोलार सरकारी कार्यालयमा जडान गरिएको छ । मुख्यमन्त्री पोखरेलको अध्यक्षतामा यही असार ६ गते बसेको प्रदेश विपद् व्यवस्थापन समितिको बैठकले सोलार खरिद गरेर पठाउने निर्णय गरेको हो । विद्युतीय भुक्तानी र कम्प्युटर प्रणालीमा आधारित सेवा प्रवाहसमेत प्रभावित भएको थियो । स्वास्थ्य कार्यालय प्रमुख बद्री आचार्यले बिजुली नहुँदा कोभिडविरुद्धको खोप बचाउनै मुस्किल भएको बताउनुभयो । "यहाँका मौसमले गर्दा बचाउन अलि सजिलो भएको छ, शनिबार आइतबारदेखि सोलार जडान भएको छ, अब ढुक्क भएका छौँ", आचार्यले भन्नुभयो । अनुकूल मिलाएर पोखरादेखि आइस ब्याग मगाएर खोप जोगाएको समेत उहाँले जानकारी दिनुभयो। जेनेरेटर प्रयोग गर्न पनि इन्धनको अभाव, दिनभरि घाम नलाग्ने हुँदा पनि खोप बिग्रन्छ कि भन्ने डर रहेको थियो।

# विपद्का कारण ५९ को ज्यान गयो

**रासस**
**काठमाडौं, २८ असार**

अविरल वर्षाका कारण देशका विभिन्न स्थानमा आएको बाढी, पहिरो र डुबानमा परी जेठ ३० यता ५९ जनाको मृत्यु भएको छ। मृत्यु हुनेमध्ये ३१ पुरुष, १७ महिला र ११ बालबालिका छन्।

उनीहरू सिन्धुपाल्चोक र तनहुँका पाँच/पाँच, डोटी, पाल्पा र गोरखाका चार/चार, रोल्पा, दाङ, दार्चुलाका तीन/तीन, खोटाङ, पाँचथर, रौतहट, सप्तरी, चितवन, धादिङ, सिन्धुली, म्याग्दी र प्यूठानका दुई/दुई र ललितपुर, सर्लाही, काभ्रे, मकवानपुर, कास्की, अर्घाखाँची, जुम्ला, कालीकोट, बझाङ र बाजुराका एक/एकजना छन् । पछिल्लो २४ घण्टामा खोटाङ र सिन्धुलीमा दुई जनाको मृत्यु भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ। बाढी, पहिरो र डुबानमा परी उक्त अवधिमा ७३ जना घाइते भएका छन् । अन्य २७ जना बेपत्ता भएका छन् । तीमध्ये १७ पुरुष, ६ महिला, तीन बालक र एकजना बालिका रहेका छन् । बाढीपहिरामा परेका एक हजार २६८ जनाको विभिन्न ठाउँबाट उद्धार गरिएको छ। बाढीका कारण एक हजार ५१६ वटा घर डुबानमा परेका छन्। कूल ५८३ घर, १०७ गोठ, ४३ पुल, तीन विद्यालय र १३ सरकारी कार्यालयमा क्षति पुगेको छ। यस अवधिमा ६०० विपद्का घटनाबाट एक हजार १७६ परिवारका पाँच हजार ४९५ मानिस विस्थापित भएका प्रहरी प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक वसन्तबहादुर कुँवरले जानकारी दिनुभयो।

# एक लाख भूमिहीन सुकुम्बासीको तथ्याङ्क संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ असार**

गण्डकी प्रदेशका ११ जिल्लामा गरी कूल एक लाख चार ९९७ जना भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीको तथ्याङ्क सङ्कलन गरिएको छ । नेपाल सरकारद्वारा गठित भूमिसम्बन्धी समस्या समाधान आयोग गण्डकी प्रदेशले सोमबार पोखरामा आयोजना गरेको कार्यक्रममा प्रदेशका ८५ स्थानीय तहमा तोकिएको समयसीमाभित्र सो सङ्ख्यामा भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासीको तथ्याङ्क सङ्कलन गरिएको जानकारी दिइयो।

सरकारले भूमिसम्बन्धी समस्या समाधान गर्न आयोग गठन गरेर एकपटकका लागि सुकुम्बासी र भूमिहीनहरूलाई जग्गा उपलब्ध गराउने कानूनमा व्यवस्था गरेर आयोग गठन गरेको थियो।

यसैगरी अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने जिम्मेवारी पनि आयोगको छ। प्रदेशमा भूमिहीन दलित सात हजार ९०४, सुकुम्बासी १२ हजार ६५८, अव्यवस्थित बसोबासी ७७ हजार ६९ र विगतका अधुरा कार्यको पर्न आएको निवेदन सात हजार २९६ रहेको आयोगका केन्द्रीय सदस्य एवं गण्डकी प्रदेश प्रतिनिधि एकबहादुर रानाले बताउनुभयो । उहाँका अनुसार प्राप्त निवेदनमाथि पहिचान र प्रमाणीकरण बाँकी रहेकाले छानबिनका क्रममा सो सङ्ख्या घट्न सक्नेछ। गत मङ्सिर २७ गते प्रदेशका ३७ र फागुन ६ मा ४८ गरी ८५ वटै स्थानीय तहमा सम्झौता गरेर सम्बन्धित पालिकामा नै निवेदन सङ्कलन गरिएको थियो।

भूमिहीन सुकुम्बासीलाई सार्वजनिक हितका लागि उपयोगमा आउने बाहेकको जमीनमा बसोबास गरिरहे भए सोही व्यवस्थापन गरिने र सार्वजनिक जग्गा अतिक्रमण गरेको खण्डमा अन्यत्र स्थानान्तरण गरिने केन्द्रीय सदस्य रानाले बताउनुभयो। उहाँले भन्नुभयो, "गत वर्ष मङ्सिरमा भूमिसम्बन्धी समस्या समाधान आयोग गठनलगत्तै सबै जिल्लामा आयोगले आफ्नो कार्यअघि बढाएको छ । पहिलो चरणमा पर्याप्त समय दिएर भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको निवेदन स्थानीय तहहरूबाट सङ्कलन गरेका छौं, अब सोको छानबिन गरी वास्तविक भूमिहीनलाई जग्गा उपलब्ध गराउने र लालपुर्जा वितरणको काम साउनदेखि शुरु गर्छौं ।" भूमिहीनको लगत सङ्कलन गरी उनीहरूलाई तोकिएअनुसार जग्गा उपलब्ध गराउने जिम्मेवारी पाएको आयोगले प्रदेश र स्थानीय सरकारसँगको समन्वयमा अभिमुखीकरण कार्यक्रम, स्थानीय तहमा तथ्याङ्क सङ्कलन एकाइ कार्यालयको स्थापना र सबै पालिकामा वडास्तरीय सहजीकरण समिति गठन गरिसकेको बताइन्छ । आयोगले आगामी साउनदेखि भदौ महिनाभित्रमा सबै स्थानीय तहमा सङ्कलित तथ्याङ्कलाई प्रविष्टीकरण गर्दै छानबिन गरी प्रमाणीकरण सम्पन्न गर्ने र नापीको काम अघि बढाउने कार्ययोजना बनाएको छ।

यसैगरी आगामी आर्थिक वर्षभित्रमा वास्तविक सुकुम्बासी र भूमिहीनलाई जग्गाधनी पुर्जा वितरण गरिसक्ने योजना रहेको रानाले बताउनुभयो । आगामी आर्थिक वर्षको पहिलो चौमासिकमा २५ हजार १४५, द्वितीय चौमासिकमा ३७ हजार ५१३ र अन्तिम चौमासिकसम्मा ४२ हजार ३३९ परिवारलाई जग्गाधनी पुर्जा वितरण गर्ने लक्ष्य राखिएको आयोगले जनाएको छ।

केन्द्रीय आयोगले स्थानीय तहमा प्राविधिक जनशक्ति पठाई नापी कार्य शुरु गर्नका लागि हालसम्म ३५ जना अमिन तथा सर्वेक्षक खटाएको आयोगका कर्मचारी डिल्लीराज सुवेदीले जानकारी दिनुभयो।





# कपालको उपचार

## कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

### के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन दुःखपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ । – लक्ष्मीप्रसाद देवकोटा

**सम्पादकीय**

# राष्ट्रपति र ओलीको कदममा रोक

सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनर्स्थापना गर्दै कांग्रेस सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश दिएको छ । राष्ट्रपतिले १४९ जना सांसदहरूको हस्ताक्षर गरि देउवालाई प्रधानमन्त्री बनाउन गरेको सिफारिस अनादर गरेको भन्दै २८ घण्टा भित्र प्रधानमन्त्री नियुक्ति गर्न परमादेश दिएको छ। जेठ ७ गते मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले गरेको प्रतिनिधिसभा विघटन संविधान विपरीत रहेको भन्दै सर्वोच्चले संसद पुनर्स्थापना हुने फैसला गरेको छ। राष्ट्रपतिले ७ दिन भित्र प्रतिनिधिसभाको अधिवेशन बोलाउन आदेश दिएको छ । प्रधानमन्त्रीले कार्तिक २६ र मंसिर ३ गतेको निर्वाचनको घोषणा पनि खारेज भएको छ।

प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा, न्यायाधीशहरु दीपककुमार कार्की, मीरा खड्का, ईश्वरप्रसाद खतिवडा र डा. आनन्दमोहन भट्टराई सम्मिलत संवैधानिक इजलासले साउन ३ गतेभित्र प्रतिनिधिसभा बैठक बोलाउन आदेश दिएको छ । सर्वोच्चले संसद विघटन नेपालको संविधानको धारा ७६ (५) र उपधारा ७ मा रहेको प्रावधान, संविधानले आत्मसात गरेको लोकतान्त्रिक आदर्श मूल्य मान्यता, संविधानवाद, तथा संवैधानिक नैतिकता अनुकुल नदेखेएको ठहर गरेको छ । यसअघिको संसद विघटनको मुद्दामा सर्वोच्च अदालतले गरेको आदेशको मर्म विपरीत फेरि संसद विघटन गरिएको भन्दै फैसलामा भनिएको छ, 'यस प्रकारको विघटन कार्यलाई न्यायिक मान्यता प्रदान गर्दा देशको संवैधानिक प्रणालीमा नै नकारात्मक रुपमा गम्भीर असर पर्न जाने देखियो ।'

सर्वोच्चले संविधानको धारा ७६ (५) अनुसारको प्रधानमन्त्रीमा १४९ सांसदको समर्थन जुटाएका शेरबहादुर देउवालाई नियुक्त गर्न पनि आदेश दिएको छ। धारा ७६ (५) अनुसार प्रधानमन्त्री नियुक्तिका लागि सांसदको संख्या नै मुख्य आधार रहेको भन्दै सर्वोच्चले देउवाले १४९ सांसदको हस्ताक्षर बुझाएकाले मंगलबार साँझ ५ बजेसम्म प्रधानमन्त्री नियुक्त गर्न आदेश दिएको छ । राष्ट्रपतिले देउवाको दावी अस्वीकार गरेर संसद विघटन गरेपछि संविधानको प्रयोग र पालनामा त्रुटी भएको भन्दै सर्वोच्चले त्यही अवस्थाबाट संविधानसम्मत तवरले प्रक्रिया अघि बढाउनु मनासिब हुने भन्दै देउवालाई साउन २९ गते अपरान्ह ५ बजेभित्र प्रधानमन्त्री नियुक्त गर्न आदेश दिएको छ। 'नेपालको संविधानको धारा ७६ को उपधारा ५ मा प्रतिनिधिसभाका कुनै सदस्यले प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा भन्ने वाक्यांश रहेको र सो प्रयोजनका लागि प्रतिनिधिसभाका १४९ जना सदस्यहरु (बहुमत सदस्यहरु) ले समर्थन जनाएको कुरालाई विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेको भनी मान्नुपर्ने पर्याप्त र मनासिव आधार देखिएको हुँदा सोही बमोजिम आजका मितिले दुई दिनभित्र (अर्थात् २०७८ साल असार २९ मंगलबार अपरान्ह ५ बजेभित्र) उपरोक्त अनुसार संविधानसम्मत रुपमा मिति २०७८/२/७ गते सम्माननीय राष्ट्रपतिसमक्ष दावी पेश गरेका प्रतिनिधिसभाका सदस्यलाई प्रधानमन्त्री पदमा नियुक्ति गर्नु' आदेशमा भनिएको छ । त्यस्तै प्रधानमन्त्रीलाई विश्वासको मत प्राप्त गर्ने प्रक्रिया पूरा गराउन पनि सर्वोच्चले आदेश दिएको छ।

सर्वोच्चले धारा ७६ (५) को प्रधानमन्त्री नियुक्तिका लागि शेरबहादुर देउवाले १४९ जना सांसदको हस्ताक्षरसहित दावी पेश गरेकाले राष्ट्रपतिले उनलाई नियुक्ति नगर्नु संविधान विपरीत भएको पनि ठहर गरेको छ । प्रधानमन्त्री केपी शर्मा ओली धारा ७६ (३) अनुसार संसदको सबैभन्दा ठूलो दलको नेताको हैसियतमा प्रधानमन्त्री बनेको र उनले विश्वासको मत नलिएका कारण धारा ७६ (५) मा उनले दावी गर्न नमिल्ने पनि फैसलामा उल्लेख गरिएको छ । प्रतिनिधिसभा विघटन गर्ने प्रधानमन्त्री ओलीको यो पहिलो प्रयास थिएन । साबिकको नेपाल कम्युनिस्ट पार्टी -नेकपा)मा आफूविरुद्ध घेराबन्दी भएको भन्दै उनले ५ पुस २०७७ मा प्रतिनिधिसभा विघटन गरेका थिए । उक्त कदम असंवैधानिक भन्दै सर्वोच्च अदालतले ११ फागुन २०७७ मा प्रतिनिधिसभा ब्यूँताइदिएको थियो ।

तर प्रधानमन्त्री ओलीले आफ्नो निर्णय सही थियो भन्ने दाबी गर्न छाडेनन् र तर त्यो फैसलाको पूर्ण पाठ नआउँदै दोस्रो पटक प्रतिनिधिसभा विघटन गरे । त्यसलाई पनि सर्वोच्च अदालतले बदर गरिदिएको छ । सर्वोच्चको फैसलाले सांसदलाई स्वविवेकीय अधिकार दिएको छ । घुमाउरो पाराले दलीय बन्धनबाट छुटकारा दिएको छ । सर्वोच्चले गरेको फैसलाको सडकमा विरोध भएको छ । शक्ति पृथकीकरणको सिद्धान्त विपरीत प्रधानमन्त्री अदालतको आदेशमा नियुक्ति हुने ,दलको अनुशासन नचाहिने र जनतामा जान खोज्नुलाई सरकारको मातहत संसद बनाउन खोजेको देख्नु र सबै कुरा अदालतको आदेशमा चलाउन खोज्नुले पछिसम्म नकारात्मक असर पर्ने टिप्पणी भएको छ।जनताको आदेश भन्दा अदालतको परमादेश ठिक हो भन्ने स्थापित गराउन खोज्नु कानुनी 'कु' हो । नेपाली उखान 'बुढी मरि भनेर होइन काल पल्क्यो भनेर रुनु' जस्तो नहोस् भनेर सोच्नुपर्छ । प्रधानमन्त्री र राष्ट्रपतिले पनि आफ्ना सिमा र नैतिकताको ख्याल गर्न संझाएको छ।

# बाढीले अवरुद्ध तल्लो मोदी '१' को उत्पादन सञ्चालनमा

**पोखरापत्र संवाददाता**
**पर्वत, २८ असार**

बाढीले क्षति पुऱ्याएपछि बन्द रहेको तल्लो मोदी '१' जलविद्युत् आयोजनाको उत्पादन शुरु भएको छ । यही असार २२ गते राति आएको बाढीका कारण ठप्प रहेको आयोजनाको उत्पादन एक सातापछि आइतबार साँझदेखि सञ्चालनमा आएको हो ।

जिल्लाको कुश्मा नगरपालिका–८ दोबिल्लामा रहेको सुन्देरखोलामा आएको बाढीले मुहान र झण्डै ३०० मिटर नहरमा क्षति पुऱ्याएको थियो। सोही दिन मोदीखोलामा आएको बाढीले मुहानमा समेत क्षति पुऱ्याएको थियो । लगातारको प्रयासबाट मर्मत सम्पन्न गरेर आइतबार साँझदेखि उत्पादन शुरु गरिएको युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडका प्रबन्ध निर्देशक उपेन्द्र गौतमले जानकारी दिनुभयो । उहाँका अनुसार सुन्देरखोलामा आएको बाढीले चार मिटर चौडा र चार मिटर उचाइ रहेको ३०० मिटर नहर पूर्णरूपमा पुरिएको थियो । आयोजनाका कर्मचारी र अन्य कामदार गरी दैनिक ५० जना परिचालन गरी मर्मत गरिएको थियो। आइतबार साँझदेखि नौ दशमलव पाँच मेगावाट विद्युत् उत्पादन भएको गौतमले जानकारी दिनुभयो। बाढीका कारण आयोजनामा झण्डै रु साढे चारदेखि पाँच करोडसम्मको क्षति भएको अनुमान गरिएको छ । मोदीखोलाको बहाव उच्च रहेकाले मुहानमा भएको क्षतिको विवरण अझै यकिन हुन नसकेको उहाँको भनाइ छ । आयोजनाको उत्पादन गृहमा भने कुनै क्षति भएको थिएन । सुन्देरखोलामा आएको सोही दिनको बाढीले मध्यपहाडी लोकमार्ग आयोजनाको निर्माण कम्पनी लामा कन्स्ट्रक्सनका साइट इन्जिनीयर राजाराम आचार्य र चालक इन्द्र थारु सवार गाडीसमेत बगाएको थियो । बगाएको गाडी फेला परे पनि आचार्य र थारुको अवस्था भने अझै पत्ता लाग्न सकेको छैन । बाढीले क्षति पुऱ्याएको मध्यपहाडी लोकमार्ग एकतर्फीरुपमा सञ्चालन भएको छ।

# नेपाल एग्रो लघुवित्तका नव नियुक्त अध्यक्षले लिए पद तथा गोपनीयताको सपथ

**पोखरापत्र संवाददाता**
**गोरखा, २८ असार**

नेपाल एग्रो लघुवित्त वित्तीय संस्था लिमिटेडका नव नियुक्त अध्यक्ष रमेश कुमार कर्माचार्यले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १२७ बमोजिम पद तथा गोपनीयताको शपथ लिएका छन् ।



कर्माचार्य यही असार २१ गते सम्पन्न पाँचौ वार्षिक साधारण सभाबाट निर्विरोध निर्वाचित भएका थिए । वित्तीय संस्थाको सोहि दिन बसेको सञ्चालक समितिको बैठकले सञ्चालक समितिको अध्यक्षमा कर्माचार्यलाई पुनः चयन गरको हो। संस्थामा निर्वाचित/मनोनयन भएको प्रत्येक सञ्चालकले आफू निर्वाचित वा मनोनित भएको मितिले बढीमा ३५ दिनभित्र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १२७ बमोजिम पद तथा गोपनीयताको शपथ लिइ सक्नु पर्नेछ । काठमाडौं उपत्यका बाहिर प्रधान कार्यालय रहेको वित्तीय संस्थाले सम्बन्धित क्षेत्र हेर्ने नेपाल राष्ट्र बैंक कार्यालयको निर्देशक समक्ष पद तथा गोपनीयताको सपथ लिनु पर्ने व्यवस्था भए बमोजिम यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय पोखरा-१८ कास्कीमा रहेकोले नव निर्वाचित अध्यक्ष रमेश कुमार कर्माचार्यले नेपाल राष्ट्र बैंक पोखरा कार्यालयका निर्देशक ईश्वरी प्रसाद भट्टराई समक्ष पद तथा गोपनीयताको सपथ लिएको वित्तीय संस्थाका नि.प्रमुख कार्यकारी अधिकृत नयन देवकोटाले बताए । कार्यक्रमका अवसरमा नेपाल राष्ट्र बैंक पोखरा कार्यालयको निर्देशक ईश्वरी प्रसाद भट्टराईले नव नियुक्त कर्माचार्यलाई पुनः दोस्रो अध्यक्ष पदको कार्यकालको शुभकामना प्रदान गरेका थिए । कार्यक्रममा वित्तीय संस्थाले ग्राहक मैत्री कार्यक्रम लिएर वित्तीय पहुँच विस्तार हुन नसकेको स्वीकृत कार्यक्षेत्रमा कार्यक्रम विस्तारमा जोड दिन समेत आग्रह गरे । कार्यक्रममा नव निर्वाचित अध्यक्ष कर्माचार्यले अध्यक्ष पदको कर्तव्य प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको नियमन र निर्देशनको अधिनमा रही वित्तीय प्रणालीको सम्वर्द्धन तथा वित्तीय संस्थाको हितलाई सदैव ध्यानमा राखि आफ्नो कर्तव्य इमान्दारीका साथ पालना गर्ने बताए । साथै, नेपाल एग्रो लघुवित्त वित्तीय संस्था इन्फिनिटी लघुवित्त वित्तीय संस्था सँग प्राप्तिमा जानको लागि नेपाल राष्ट्र बैंकबाट अन्तिम स्वीकृतिको पखाईमा रहेको समेत बताए ।

# तीन दिन देशको अधिकांश स्थानमा वर्षा हुने

**रासस**
**काठमाडौं, २८ असार**

मनसुनी वायुको प्रभावले अझै तीन दिन देशको अधिकांश स्थानमा वर्षा हुने भएको छ । मनसुनी गतिविधि सक्रिय रहिरहने भएकाले धेरैजसो स्थानमा हल्कादेखि मध्यम वर्षाका साथै एक दुई ठाँउमा भारी वर्षाकोसमेत सम्भावना रहेको मौसमविद् गङ्गा नगरकोटी जानकारीदिनुभयो ।

हाल देशभर सामान्यदेखि पूर्ण बदली रहनुका साथै प्रदेश नं १, वाग्मती र गण्डकी प्रदेशका केही स्थानमा र बाँकी प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ । विभागका अनुसार राति देशभर सामान्यदेखि पूर्ण बदली रही धेरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । वाग्मती प्रदेश र गण्डकी प्रदेशका एक–दुई स्थानमा धेरै भारी वर्षाको सम्भावना औँल्याएको छ। त्यसैले मौसम पूर्वानुमान महाशाखाले यी क्षेत्रमा सतर्कता अपनाउन अनुरोध गरेको छ । आगामी बुधबार देशभर सामान्यदेखि पूर्ण बदली भई प्रदेश नं १, वाग्मती र गण्डकी प्रदेशका केही स्थानमा भारी वर्षाको सम्भावना रहेको बताइएको छ । नेपालमा मनसुन शुरु हुने औसत मिति जुन १३ मानिएपनि यस वर्ष त्यसभन्दा तीन दिनअघि नै शुरु भएको थियो ।

# भानु जयन्तीमा सार्वजनिक बिदा

**पोखरापत्र संवाददाता**
**तनहुँ, २८ असार**

जिल्लाको भानु नगरपालिकाले भानु जयन्तीको उपलक्ष्यमा भोलि मङ्गलबार सार्वजनिक बिदा दिने निर्णय गरेको छ।

नेपालीभाषा, साहित्यका धरोहर आदिकवि भानुभक्त आचार्यको सम्मानस्वरुप नगरपालिकाले सार्वजनिक बिदा दिने निर्णय गरेको हो । नगरपालिकास्थित सबै सरकारी कार्यालय, शैक्षिक संस्था र सार्वजनिक निकायमा सार्वजनिक बिदा दिने निर्णय गरेको नगरपालिकाकी उपप्रमुख आशा थापाले जानकारी दिनुभयो। विसं १८७१ असार २९ गते भानु नगरपालिका–४ चुँदी रम्घामा जन्मिनुभएका भानुभक्त आचार्यको विसं १९२५ असोज ६ गते निधन भएको थियो । स्वदेश तथा विदेशी साहित्यकारहरूको समेत जमघट गरेर भानु जयन्ती साताव्यापी रुपमा मनाउँदै आएकामा यस वर्ष कोरोना सङ्क्रमणका कारण २०८औँ भानुजयन्ती एक दिन मात्रै मनाइने भएको छ ।

भानु नगरपालिका–४ चुँदीरम्घा बैँसीस्थित भानुजन्मस्थल विकास समितिको कार्यालयमा भोलि बिहान भानुप्रति श्रद्धाञ्जलि तथा साहित्यिक रचना वाचन कार्यक्रम राखिएको नगरप्रमुख उदयराज गौलीले बताउनुभयो ।

# थप दुई हजार ३७० मा कोरोना संक्रमण

**रासस**
**काठमाडौं, २८ असार**

देशभर पछिल्लो २४ घण्टामा थप दुई हजार ३७० जनामा कोभिड–१९ को सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो समय सात हजार ६८९ पिसिआर परीक्षणमा एक हजार ६९० र तीन हजार ८९५ एन्टिजेन परीक्षण गर्दा ६८० गरी जम्मा दुई हजार ३७० जनामा कोरोना भाइरस पुष्टि भएको हो ।

आजसम्म नेपालमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या छ लाख ५७ हजार १३९ पुगेको छ । त्यस्तै पछिल्लो समय थप एक हजार १३३ जना निको भएका छन् । योसँगै निको हुनेको सङ्ख्या छ लाख २१ हजार २७ पुगेको छ । निको हुने दर भने ९४ दशमलव ५ प्रतिशत रहेको छ । अहिले देशभर २६ हजार ७१२ सक्रिय सङ्क्रमित छन् ।

यसमध्ये २३ हजार ९४७ जना होम आइसोलेसनमा रहेका छन् भने दुई हजार ७६५ संस्थागत आइसोलेसनमा छन् । कोरोनाका बिरामीमध्ये ५६९ जनाको आइसियु र १६३ जनाको भेन्टिलेटरमा उपचार भइरहेको छ । हालसम्म नेपालमा ३४ लाख २३ हजार १६४ को पिसिआर विधिबाट परीक्षण भएको छ । त्यस्तै पछिल्लो समय कोरोनाका कारण १८ जनाको मृत्यु पुष्टि भएको छ । योसँगै नौ हजार ४०० जनाले कोरोनाका कारण ज्यान गुमाएको मन्त्रालयले जनाएको छ।

# ऋषिङ छ दिनदेखि अन्धकारमय

**–सानेबहादुर नेपाली**
**तनहुँ, २८ असार (रासस)**

बाढीपहिराका कारण ऋषिङ गाउँपालिकावासी छ दिनदेखि अन्धकारमा बस्न बाध्य भएका छन् ।

यही असार २३ गते रातिदेखि परेको अविरल वर्षाका कारण ठाउँठाउँमा विद्युत् खम्बा ढलेपछि विद्युत्, खानेपानी र सडक अवरुद्ध हुँदा जनजीवन प्रभावित भएको छ। बाढीपहिरोले वडा नं ४, ५ र ८ मा बढी क्षति भएको गाउँपालिकाका प्रवक्ता विजय दौरेले जानकारी दिनुभयो । विद्युत् लाइन नहुँदा मोबाइल चार्ज गर्न नपाउँदा सम्पर्क बिच्छेद भएको छ । स्थानीयवासी एक वडाबाट अर्को वडामा आवतजावत गर्न समस्या भएको छ भने झापुटार–काँहुशिवपुर चालिसे मार्गको ठाउँ ठाउँमा पहिरा खसेर अवरुद्ध हुँदा रामार्गसँग बिच्छेद बनेको उहाँले बताउनुभयो ।

खानेपानीको पाइप पहिराले बगाउँदा स्थानीयवासी टाढाबाट कुँवा र धाराको पानी ल्याएर खानुपर्ने अवस्था छ । उक्त गाउँमा पहिराबाट ऋषिङ–७ ढढीवनमा पहिराले पुरेर ५० वर्षीया देवीसरा थापा र ऋषिङ–८ माझकोटका गाउँपालिकाका ३८ वर्षीय सुरक्षा गार्ड खुमबहादुर आलेको मृत्यु भएको थियो । ऋषिङगाउँपालिका–८ अजम्बरी मन्दिर क्षेत्रमा रहेका पुराना संरचना पहिराले बगाएर क्षति भएको छ । निर्माण गरिएको नयाँ मन्दिरबाहेक पुराना कुवा तथा मन्दिर पहिराले पूर्ण क्षति भएको गाउँपालिका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले जानकारी दिनुभयो ।

गाउँपालिकाभित्र १८ घरपरिवार पूर्ण क्षति भए पनि खाद्यान्न बाली केकति क्षति भयो त्यसको तथ्याङ्क लिने कार्य भइरहेको उहाँले बताउनुभयो । तत्कालै अवरुद्ध सडक खुलाउनसक्ने अवस्था नभएकाले तत्कालका लागि आवतजावत गर्न बाटो खुलाउन पहल भइरहेको उहाँले बताउनुभयो ।

गाउँपालिकाले अवरुद्ध सडक खुलाउन चाहे पनि पानी परिरहेकाले पहिरा हटाउन तथा पीडित परिवारलाई राहत वितरण गर्न नसकिएको गाउँपालिकाले जनाएको छ। अहिले बढी मूल्यमा खाद्यान्नलगायतका वस्तु खरिद गर्नुपर्ने अवस्था सिर्जना भएको छ।

# मर्स्याङ्दी नदी तटीय क्षेत्रमा उच्च सतर्कता अपनाउन अनुरोध

**–नवीन लामिछाने**
**मनाङ, २८ असार**

निरन्तरको वर्षाले मर्स्याङ्दी नदीको बहाव कायमै रहेकाले तटीय क्षेत्रमा बसोबास गर्ने बासिन्दालाई सचेत रहन आग्रह गरिएको छ ।

जिल्ला प्रशासन कार्यालयले आज यहाँ सूचना जारी गर्दै नदी छेउछाउका बस्तीलाई उच्च सतर्कता अपनाउन आह्वान गरेको हो ।

सूचनामा भनिएको छ, "यस वर्षको मनसुन अवधि कायमै रहेको हुँदा जिल्लाका नदी तटीय क्षेत्रमा बसोबास गर्ने बासिन्दालाई उच्च सचेत र सतर्क रहनु हुन जिल्ला विपद् व्यवस्थापन समितिबाट सूचीत तथा अनुरोध गरिन्छ।" चामे गाउँपालिकाको- ४, ५ र नासो गाउँपालिकाको- १ को तालगाउँ नदीकै किनारमा रहेकाले विशेष सतर्कता अपनाउन भनिएको हो । प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले भन्नुभयो, "नासो १ तालगाउँ मर्स्याङ्दी नदी किनारमै छ। यहाँ विशेष सावधानी अपनाउनु पर्छ । सिरान क्षेत्रमा भीषण वर्षा भएकाले खोलाको बहावको जोखिम रहेकाले तटीय क्षेत्रको तालगाउँका बासिन्दालाई सचेत हुन आग्रह गर्दछु।"

जिल्लामा गत जेठ ३१ गतेदेखि परेको अविरल वर्षाका कारण आएको बाढीपहिराले सयौँ घरपरिवार विस्थापित भएका छन् । यहाँका सार्वजनिक र निजी संरचनामा बाढीपहिराले ठूलो क्षति पुऱ्याएको छ । जिल्ला अहिले सडक सञ्जालदेखि विद्युत् र इन्टरनेट सेवालगायतबाट वञ्चित भएका छन् ।

# बाढीले अवरुद्ध तल्लो मोदी '१' को उत्पादन पुनःचालू

**पोखरापत्र संवाददाता**
**पर्वत, २८ असार**

बाढीले क्षति पुऱ्याएपछि बन्द रहेको तल्लो मोदी '१' जलविद्युत् आयोजनाको उत्पादन शुरुआत भएको छ । नौ दशमलव पाँच मेगावाट क्षमता भएको सो आयोजनामा यही असार २२ गते राति आएको बाढीले क्षति पुऱ्याएको थियो । आइतबार साँझदेखि आयोजना सञ्चालनमा आएको युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडका प्रबन्ध निर्देशक उपेन्द्र गौतमले जानकारी दिनुभयो।

उहाँका अनुसार कुश्मा नगरपालिका- ८ दोबिल्लास्थित सुन्देरखोलामा आएको बाढीले आयोजनाको मुहान र झण्डै ३०० मिटर नहरमा क्षति पुऱ्याएको थियो । आयोजनाका कर्मचारी र अन्य कामदार गरी दैनिक ५० परिचालन गरी मर्मत गरिएको थियो। बाढीका कारण आयोजनामा झण्डै रु साढे चारदेखि पाँच करोडसम्मको क्षति भएको अनुमान गरिएको छ । मोदीखोलाको बहाव उच्च रहेकाले मुहानमा भएको क्षतिको विवरण अझै यकिन हुन नसकेको उहाँको भनाइ छ । आयोजनाको उत्पादन गृहमा भने कुनै क्षति भएको थिएन। सोही दिनको बाढीले मध्यपहाडी लोकमार्ग आयोजनाको निर्माण कम्पनी लामा कन्स्ट्रक्सनका साइट इन्जिनीयर राजाराम आचार्य र चालक इन्द्र थारु सवार गाडीसमेत बगाएको थियो । बगाएको गाडी फेला परे पनि आचार्य र थारुको अवस्था भने अझै पत्ता लाग्न सकेको छैन । बाढीले क्षति पुऱ्याएको मध्यपहाडी लोकमार्ग एकतर्फीरुपमा सञ्चालन भएको छ।

**तपाईको आज**

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : शत्रुको भय | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : मानसिक तनाव | धनु | : शारीरिक झमेला |
| कर्कट | : आर्थिक समस्या | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# विद्युत् र इन्टरनेट नहुँदा गाउँपालिकाको सेवा ठप्प

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २८ असार**

विद्युत् र इन्टरनेट नहुँदा जिल्लाको धवलागिरि गाउँपालिकाको सेवा ठप्प बनेको छ। आर्थिक वर्षको अन्तिममा गाउँपालिकाको केन्द्र मुनामा विद्युत्, मोवाइल फोन र इन्टरनेट ठप्प हुँदा सेवाग्राहीलाई समस्या भएको छ भने जनप्रतिनिधि र कर्मचारीलाई काम गर्न अप्ठ्यारो भएको छ।

बर्सातसँगैको पहिरोले विद्युत्को पोल, लाइन र इन्टरनेटको फाइबर चुँडाएपछि प्रशासनिक, आर्थिक लगायतका काम प्रभावित भएको हो। मुदीको डाँडामा रहेको नेपाल टेलिकमको टावरमा चट्याङले क्षति गरेपछि ताररहित प्रविधिको इन्टरनेट बन्द भएको छ। असार पहिलो हप्ता गाउँपालिकाको कार्यालयमा केन्द्रिय प्रसारण लाइनको विद्युत् जडान गरिएको थियो। गत सोमबारदेखि गाउँपालिकाको केन्द्र मुनामा विद्युत् र इन्टरनेट सेवा बन्द भएको थियो।

तत्कालै नबन्ने देखिएपछि ताकमस्थित वडा नं ७ को कार्यालयमा गएर काम गर्न थालिएको छ। प्रमुख प्रशासकीय अधिकृत गोपाल शर्माले अरु कुनै विकल्प नभएपछि ताकम आएर आर्थिक तथा प्रशासनिक काम गर्नुपरेको बताउनुभयो। "महत्वपूर्ण सूचना आदानप्रदानदेखि लेखाको सबै काम गर्न इन्टरनेट र विद्युत् आवश्यक पर्छ।

तीन दिनसम्म कुरेर बस्यौँ", उहाँले भन्नुभयो "छिट्टै बिजुली र इन्टरनेट मर्मत नहुने देखिएपछि ताकम आएर काम गरेका छौँ।" प्रशासकीय अधिकृत शर्मा, लेखा अधिकृत कृष्ण खराल लगायत आठ जना लेखा, प्रशासन र प्राविधिक शाखाका कर्मचारी शुक्रबार ताकम आउनुभएको थियो। दुई जना काम सकेर मुना फर्कनुभएको छ। छ जनाले वडा कार्यालयको भवनमा बसेर काम गरिरहनुभएको छ।

आर्थिक वर्षको अन्तमा योजना तथा कार्यक्रमको भुक्तानी गर्नेदेखि धेरै किसिमका प्रशासनिक कामको चाप छ। अत्यावश्यक पूर्वाधारको अभावमा कर्मचारी र सेवाग्राहीहरूलाई यता उता गरिरहँदा समस्या भएको छ।

कागजात पुऱ्याउन र नमिलेको बनाउन समस्या भएको हो। ताकममा विद्युत्को वैकल्पिक व्यवस्था भए पनि आइतबारसम्म नियमित इन्टरनेट थिएन। टेकमाइन्ट कम्पनीको नेट र मोबाइलको डाटाबाट फोर जी चल्न थालेपछि केही सहज भए पनि काम गर्न साह्रै समस्या भएको कर्मचारीले बताएका छन्। गाउँपालिकाका अध्यक्ष थमसरा पुनले चट्याङले क्षति पुऱ्याएको टावर मर्मतका लागि बेनीमा सामान नपाइएपछि पोखराबाट मगाइएको बताउनुभयो।

# आदिकवि भानुभक्तको २०८औँ जन्मजयन्ती

**रासस**
**काठमाडौं, २८ असार**

नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको २०८औँ जन्मजयन्ती आज देश तथा विदेशका विभिन्न स्थानमा समेत विविध कार्यक्रमको आयोजना गरी मनाइँदैछ।

सरल नेपाली भाषामा लेखिएको अयोध्याका राजा रामको जीवनीलाई भावानुवादसहितको 'रामायण' प्रस्तुत गरेर भानुभक्तले नेपाली जनतालाई ठूलो गुन लगाउनुभएको छ। उहाँले लेख्नुभएको रामायण अहिले पनि नेपालीको घर-घरमा लय हालेर पाठ गरिन्छ।

पृथ्वीनारायण शाहले भौगोलिक रूपमा एकीकरण गर्नुभएको नेपाललाई आदिकवि भानुभक्तले भाषा, साहित्य र संस्कृतिमार्फत एकीकरण गर्नुभएको हो। विसं १८७१ असार २९ गते तनहुँको चुँदीरम्घा गाउँमा जन्मिनुभएका भानुभक्तलाई एक सामान्य घाँसीले 'जन्मेपछि राम्रो काम गरेर नाम कमाउनुपर्छ' भनी अर्ती उपदेश दिनुभएकाले उहाँ रामायणलाई नेपालीमा रचना गर्न प्रेरित हुनुभएको थियो।

'वधुशिक्षा' उहाँको अर्को प्रसिद्ध कृति हो। यसैगरी 'प्रश्नोत्तर', 'भक्तमाला', 'रामगीता', फुटकर रचनालगायत कृति छन्। कुमारी चोकको हिसाब मिलाउन नसकेर झ्यालखानामा परेका आदिकवि आचार्यले सरकारी कार्यालयमा हुने ढिलासुस्ती र 'भोलिवाद'का कट्टर विरोधी भएर कवितामा भोलिको विरोध गर्दै लेख्नुभएको थियो, "भोलि भोलि भन्दैमा सब घर बिति गो बक्सियोस् आज झोली।' नेपाली जातीय एकता, राष्ट्रिय पहिचान र नेपाली सांस्कृतिक चेतना जगाउन र राष्ट्रिय संस्कृतिलाई बलियो बनाउनमा भानुभक्तको ऐतिहासिक योगदान छ। भानुभक्त ऐतिहासिक व्यक्ति भएकाले सम्पूर्ण नेपालीले उनको सम्मान गर्नुपर्ने र उनका विचारका बारेमा उठेका विवादमाथि छलफल एवं समीक्षात्मक कार्यक्रम गर्नु आजको प्रमुख आवश्यकता भएको समालोचकहरूको धारणा छ। त्रिभुवन विश्वविद्यालयबाट भानुभक्तबारे स्नात्तकोत्तरमा थुप्रै शोधग्रन्थ लेखिएका छन्। यस उपलक्ष्यमा आज बिहान काठमाडौंको रानीपोखरीअगाडि रहेको राष्ट्रिय विभूति भानुभक्तको प्रतिमामा माल्यार्पण र प्रभातफेरी गर्ने कार्यक्रम रहेको जनाइएको छ।

यस वर्ष पनि विगत वर्ष जस्तै कोरोना भाइरसको सङ्क्रमण फैलन सक्ने भएकाले भौतिक दूरी आयोजना गरेर मात्र कार्यक्रम गरिने जनाइएको छ। सार्वजनिक कार्यक्रममा उपस्थित हुन नसक्नेले भने घरघरमा उहाँले नेपाली भाषामा भावानुवाद गर्नुभएको रामायण पाठ गरी भानुजयन्ती मनाउँछन्। यस अवसर भाषा, साहित्य र संस्कृतिका क्षेत्रमा काम गर्ने संस्थाले जुम विधिका माध्यमबाट पनि विभिन्न कार्यक्रम आयोजना गरेका छन्।

भानुभक्तभन्दा अघि नै नेपाली भाषामा कविता लेख्ने कवि भएकाले उनलाई आदिकवि भन्न नमिल्ने तर्क पनि उठ्ने गरेका छन्। भानुभक्तका विषयमा अध्ययन अनुसन्धान गरिरहनुभएका त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक ज्ञाननिष्ठ ज्ञवाली रामायण जस्तो ग्रन्थलाई नेपाली लोकलयमा भावानुवाद गरी भाषिक एकताको महत्वपूर्ण योगदान गर्नुभएकाले भानुभक्तलाई आदिकवि भनिनु न्यायोचित रहेको बताउनुहुन्छ। रामायण ग्रन्थले भाषिक क्षेत्रमा नयाँ युग निर्माण गरेको मानिन्छ।

उहाँको निधन विसं १९२५ असोजमा भएको थियो। भानुभक्तको जन्मजयन्ती भारतको दार्जिलिङ, सिक्किम, भूटान, बर्मालगायत नेपाली भाषाभाषी धेरै रहेका देश एवं स्थानमा पनि मनाइन्छ।

# 'एग्रो टुरिज्म' सपना

**–खेमराज गौतम**
**बागलुङ, २८ असार**

कृषि पर्यटन 'एग्रो टुरिज्म' विकासको सपना बोकेर गलकोटमा बृहत बहुउद्देश्यीय कृषि फार्म सञ्चालन गरिएको छ। गलकोट नगरपालिका-५ हरिचौरका ३९ वर्षका टोपबहादुर खत्री र गलकोट-७ मल्मका छुमबहादुर थापा मिलेर साझेदारीमा फार्म सञ्चालन गर्नुभएको हो। खत्री १८ वर्ष हटिया बजारमा फोटोग्राफी व्यवसाय गर्दै आउनुभएको थियो भने थापा १९ वर्ष भारतीय सेनाका अवकास प्राप्त सैनिक हुनुहुन्छ। कोरोना कालमा धेरै व्यापार व्यवसाय बन्द भए पनि आफूलाई भने यही बेलामा व्यावसायिक फार्मको सोच आएको खत्री बताउनुहुन्छ। बन्द, हड्ताल, निषेधाज्ञामा असर नगर्ने भएकाले कृषि पेशा अगाल्ने योजना बनाइएको उहाँको भनाइ छ।

अठार वर्षको फोटोग्राफर व्यवसाय त्यागेर उहाँले हरिचौरको केही आफ्नै र केही रोपनी भाडाको जग्गामा बहुउदेश्यीय कृषि फार्म सञ्चालनमा ल्याउनुभएको छ। भारतीय जलसेनामा हबल्दार पदमा अवकास प्राप्त थापाले सामान्य किराना पसल सञ्चालन गर्दै आउनुभएको थियो। खत्री र थापा नाताले भिनाजु साला हुनुहुन्छ।

गत माघदेखि संयुक्त लगानीमा उहाँहरु २४ रोपनी जग्गामा रु एक करोड भन्दा बढीको लागतमा कृषि फार्म सञ्चालनमा ल्याएसँगै उत्साहित पनि हुनुहुन्छ। गलकोट-६ को मजुवा फाँटमा फैलिएको दरमखोला एग्रिकल्चर एण्ड लाइभस्टक फार्ममा पाँच तरकारी टनेल, हाँस ४००, बट्टाई ५००, लोकल कुखुरा ३००, माछा पाँच हजार र बङ्गुर १०७ छन्। तरकारी र बट्टाईका अण्डाले आम्दानी हुन थालेको कृषि फार्मले अन्य उत्पादन बढाउँदै लैजाने उद्देश्य राखेको छ। उहाँहरुले गत माघदेखि दरमखोला एग्रिकल्चर एण्ड लाइभस्टक फार्म सञ्चालनमा ल्याउनुभएको छ।

अहिले कृषि फार्मलाई एग्रो टुरिज्मको हब बनाउने गरी पसल छाडेर साथ दिएको फार्मका सञ्चालक थापा बताउनुहुन्छ। "१८ वर्ष गलकोटमा फोटोग्राफी व्यवसाय गर्दै आएको थिए, अलि वृहत कृषि फार्म सञ्चालन गर्ने योजना पलायो", सञ्चालक खत्रीले भन्नुभयो "कृषि पेशा नै दीर्घकालीन होला भन्ने लाग्यो, कृषि रिसोर्टसहित कृषि पर्यटनसँग जोड्ने लक्ष्यसहित भिनाजुसँग मिलेर फार्म सञ्चालन गरेका हौं, हाम्रो योजना अनुसार फार्मलाई अझै ७५ प्रतिशत विकास र विस्तार गर्ने लक्ष्य छ, अहिले विस्तार र परीक्षणका क्रममा छौं भने केही कृषि तथा पशु उत्पादनलाई बजारिकरण समेत शुरु गरिसकेका छौं।" उहाँका अनुसार उक्त फार्मभित्रै एग्रो रिसोर्ट सञ्चालन गर्ने लक्ष्य छ। फार्ममै २० जना भन्दा बढीलाई रोजगारी दिने उद्देश्य छ। अहिले आठ रोपनी आफ्नै जग्गा र अन्य जग्गा १५ वर्षलाई वार्षिक रु एक लाख ५० हजार भाडामा जग्गा लिएर फार्म सञ्चालनमा ल्याइएको उहाँले बताउनुभयो। अहिले फार्ममा तीन जनालाई रोजगारी दिइएको छ। भारतीय सेनाबाट अवकासपछि सानो पसल सञ्चालन गर्दै आउनुभएकामा अहिले सालाको योजनामा कृषि फार्ममा लगानी गरेको अर्का सञ्चालक थापाले बताउनुभयो।

फार्ममा ग्रास काप, नैनी प्रजातिका छ हजार माछा हुर्किरहेका छन्। माछालाई आगामी भदौमा बजार पठाउने तयारी रहेको सञ्चालक खत्रीले जानकारी दिनुभयो। कुखुरा, अण्डा, चल्ला, बङ्गुरका पाठापाठी, माछालगायतका अनेकौं पशुपक्षी तथा तरकारी उत्पादन गरी गलकोट बजारमा बिक्री गर्ने र एग्रो रिसार्ट सञ्चालनपछि त्यहाँ आएका पर्यटकलाई लक्षित गरी व्यापार गर्ने उनीहरुको लक्ष्य छ।

# प्रतिनिधिसभा छ पटक विघटन, चार पटक पुनःस्थापना

**–भीष्मराज ओझा**
**रासस, २८ असार**

नेपालको संसदीय इतिहासमा हालसम्म छ पटक प्रतिनिधिसभा विघटन भएका छन्। तीमध्ये चार पटकका विघटन बदर र दुई पटकका सदर भएका छन्।

विघटित प्रतिनिधिसभा तीनपटक सर्वोच्च अदालतमार्फत र एकपटक जनआन्दोलनमार्फत पुनःस्थापित भएको सङ्घीय संसद् सचिवालयले जनाएको छ।

पहिलोपटक विसं २०५१ मा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले प्रतिनिधिसभा विघटनको सिफारिस गर्नुभएको थियो। विसं २०५१ असार २७ गते तत्कालीन राजाबाट सो सिफारिस सदर गरिएको थियो। आर्थिक वर्ष २०५१/०५२ को सरकारको नीति तथा कार्यक्रममाथि छलफल पश्चात् पारित गर्न विसं २०५१ असार २६ गते प्रतिनिधिसभाको बैठक बसेको थियो। सो बैठकमा नीति तथा कार्यक्रम पारित गर्न प्रस्ताव हुँदा पक्षमा ७४ र विपक्षमा ८६ मत परी अस्वीकृत भएको थियो। त्यसपछि तत्कालीन प्रधानमन्त्री कोइरालाले पदबाट राजीनामा दिनुका साथै नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम प्रतिनिधिसभा विघटन गरी विसं २०५१ कात्तिक २७ गते आमनिर्वाचनका लागि मिति तोक्न सिफारिस भएबमोजिम प्रतिनिधिसभा विघटन भएको थियो।

विसं २०५१ मङ्सीर १३ गते तत्कालीन नेकपा (एमाले) संसदीय दलका नेता मनमोहन अधिकारी सबैभन्दा बढी सदस्य भएको दलको नेताको हैसियतले प्रधानमन्त्रीमा नियुक्त हुनुभयो। विकसित राजनीतिक घटनाक्रमसँगै विसं २०५२ जेठ २६ गते प्रधानमन्त्री अधिकारीले प्रतिनिधिसभा विघटन गर्न तत्कालीन राजासमक्ष सिफारिस गरेपछि जेठ ३० गते प्रतिनिधिसभा विघटन भएको थियो। तर सर्वोच्च अदालतबाट विसं २०५२ भदौ १२ गते विघटनलाई बदर गरी प्रतिनिधिसभा पुनःस्थापना गरिएको थियो। नेपालमा तेस्रोपटक प्रतिनिधिसभाको बैठक चालू रहेको १५ औं अधिवेशनको बीचमै विसं २०५५ माघ १ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम प्रतिनिधिसभा पुनः विघटन गरी विसं २०५६ वैशाख २० गते निर्वाचनको मिति तोक्ने सिफारिस गर्नुभएको थियो। सो सिफारिसअनुसार तत्कालीन राजाबाट सोही दिन प्रतिनिधिसभा विघटन भएको थियो। त्यस्तै विसं २०५४ पुस २४ गते तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाले प्रतिनिधिसभा विघटनका लागि तत्कालीन राजा वीरेन्द्र शाहलाई सिफारिस गर्नुभएको थियो। राजाले सो सिफारिसलाई कार्यान्वयन नगरी सर्वोच्च अदालतसँग राय माग्दा सर्वोच्चले विघटन नगर्ने राय दिएको थियो। तसर्थ प्रतिनिधि सभा विघटनको सिफारिस भयो तर कार्यान्वयन भएन। चौथौपटक विसं २०५९ जेठ ९ गते प्रतिनिधिसभाको बैठक बस्ने गरी संसद्को २२ औं अधिवेशन आह्वान भएकामा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले विसं २०५९ जेठ ८ गते प्रतिनिधिसभा विघटनका लागि सिफारिस गर्नुभएको भयो। निर्वाचनको लागि मिति तोक्न सिफारिस गरेबमोजिम सोही दिन प्रतिनिधिसभा विघटन समेत भएको थियो। विघटन भएको सो प्रतिनिधि सभा जनआन्दोलनको बलले तत्कालीन राजा ज्ञानेन्द्र शाहबाट विसं २०६३ वैशाख ११ गते राति ११ बजे पुनःस्थापना भई २०६३ साल १५ गते बैठक बस्ने गरी मितिसमेत तोकिएको थियो।

पाँचौं पटक प्रधानमन्त्री केपी शर्मा ओलीले मन्त्रिपरिषद्को सिफारिससहित नेपालको संविधानबमोजिम र संसदीय प्रणालीको आधारभूत मर्म एवं अभ्यास बमोजिम भन्दै २०७७ साल पुस ५ गते प्रतिनिधिसभा विघटन गरियोस् भनी सिफारिस गर्नुभएको थियो। सो सिफारिसबमोजिम राष्ट्रपति विद्यादेवी भण्डारीबाट वर्तमान प्रतिनिधिसभा विघटन गरी विसं २०७८ वैशाख १७ र २७ गते दुई चरणमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्ने गरी मिति समेत तोकिनु भएको थियो। तर सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटनविरुद्धको मुद्दामा सुनुवाइपछि विघटनलाई असंबैधानिक कदम भन्दै २०७७ साल फागुन ११ गते पुनःस्थापना गर्ने फैसला गरेको थियो। फैसला सुनाउँदै अदालतले १३ दिनभित्र संसद् अधिवेशन बोलाउन परमादेशसमेत जारी गरेको थियो। अदालतको फैसलापछि फागुन २३ गते पुनःस्थापित प्रतिनिधिसभाको बैठक बसेको थियो।

छैटौ पटक प्रधानमन्त्री केपी शर्मा ओलीले गत जेठ ८ गते पुनः प्रतिनिधिसभा विघटन गरी आगामी कात्तिक २६ र मङ्सिर ३ गते मध्यावधि निर्वाचन तोक्ने गरी राष्ट्रपति समक्ष सिफारिस गर्नुभएको थियो। सोहीबमोजिम राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरी निर्वाचनको मिति तोक्नु भएको थियो।

सो विघटनका विरुद्धमा परेका विभिन्न निवेदनउपर सुनुवाइ गर्दै सर्वोच्च अदालतले आज २८ गते संविधानका मूल्य र मान्यता अनुकूल नभएको ठहर गर्दै विघटनको कदमलाई बदर गरिदिएको छ। साथै अदालतले दुईदिनभित्र नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउने परमादेश समेत जारी गरेको छ भने आगामी साउन ३ गते प्रतिनिधिसभाको बैठकले बोलाउन भनेको छ।

# फेरि बढ्दै संक्रमण र मृत्यु

**पोखरापत्र संवाददाता**
**बागलुङ, २८ असार**

सदरमुकामस्थित धवलागिरि अस्पतालमा पछिल्ला दुई दिनमा चार कोरोना सङ्क्रमितले ज्यान गुमाए। मृत्यु हुनेमा २३ वर्षीया युवतीसमेत हुनुहुन्छ। गम्भीर सङ्क्रमणका कारण अस्पतालको सघन उपचार कक्षमा तीन जना उपचाररत छन्।

आइसोलेशनमा रहेका बिरामीमा पनि श्वासप्रश्वासको समस्या बढी छ। दुई साता अघितिर अस्पताल भर्ना हुने सङ्क्रमितको सङ्ख्या सातमा झरेकामा अहिले क्रमशः बढ्दै १२ पुगेको छ। जिल्लाभर सक्रिय सङ्क्रमित घटेर दुई सय ५४ पुगेकामा शनिबारसम्ममा पुनः सङ्ख्या उकालो लागेर तीन सय २२ पुगेको छ। यसले केही दिन थामिएजस्तो देखिएको सङ्क्रमण फेरि बढ्न थालेको सङ्केत गर्छ। स्वास्थ्य कार्यालयका अनुसार जिल्लामा गरिएको कूल पिसिआर परीक्षणमध्ये सङ्क्रमण दर २४.७ प्रतिशत छ जबकी नेपालको सङ्क्रमण दर १९.०१ प्रतिशत मात्र छ।

कार्यालयका कोभिड-१९ स्रोत व्यक्ति देवप्रकाश घिमिरेले सङ्क्रमणसँगै मृत्युका घटना पुनः बढेको बताउनुभयो। "होम आइसोलेशनमा बसेका सङ्क्रमित स्वास्थ्य स्थिति गम्भीर भइसकेपछि मात्र अस्पताल आउँदा मृत्यु बढेको हो", उहाँले भन्नुभयो। शुक्रबार दिउँसो मृत्युवरण गर्नुभएकी तमानखोला गाउँपालिका-१ की २३ वर्षीया युवतीलाई पनि अस्पताल ल्याउन ढिलाइ भएको स्रोत व्यक्ति घिमिरेले बताउनुभयो।

अस्पतालका प्रमुख चिकित्सक शैलेन्द्र विक पोखरेलले कतिपय कोरोनाका बिरामी अक्सिजनको तह घटेर २५/३० सम्म पुगेपछि बल्ल अस्पताल आउने गरेको सुनाउनुभयो। "होम आइसोलेशनमा बस्नुभएका सङ्क्रमित अक्सिजन तह ९२ भन्दा तल हुन थाल्यो भने तुरुन्त अस्पताल आइहाल्नुपर्छ", उहाँले भन्नुभयो। स्वास्थ्य गम्भीर बनेपछि मात्र अस्पताल आएकै कारण कतिपय बिरामीलाई हरप्रयास गर्दा पनि बचाउन नसकिएको प्रमुख चिकित्सक पोखरेलले बताउनुभयो। निषेधाज्ञा खुकुलो पारि एसँगै सङ्क्रमणको जोखिम पनि उत्तिकै बढेको हुँदा स्वास्थ्य सुरक्षाका मापदण्ड पालनामा कडाइ गर्नुपर्ने उहाँको भनाइ छ। "बीचमा केही कम भएको थियो, अहिले फेरि कोरोनाका सिकिस्त बिरामी बढेका छन्, यसबाट पनि समुदायस्तरमा महामारी कायमै रहेको देखिन्छ", प्रमुख चिकित्सक पोखरेलले भन्नुभयो, "जोखिम बढ्दो छ, प्रत्येक व्यक्ति सतर्क र जिम्वेवार नभएसम्म सङ्क्रमण रोकथाम हुँदैन।" होम आइसोलेशनमा रहेकालाई आफ्नो स्वास्थ्य स्थितिबारे विशेष रुपमा चनाखो बन्न उहाँले सुझाव दिनुभयो। सङ्क्रमणले च्याप्दै लगेर अन्तिम अवस्थामा अस्पताल ल्याउँदा कोरोनाको उपचार प्रभावकारी नहुने उहाँको भनाइ छ।

स्वास्थ्य कार्यायलको आँकडा अनुसार बागलुङ नगरपालिकाका पाँच, बडिगाड गाउँपालिकाका दुई, तमानखोला गाउँपालिकाका दुई र गलकोट नगरपालिकाको एक वडा कोरोना सङ्क्रमणको उच्च जोखिममा छन्।

जिल्लाभरमा मध्यम जोखिम भएका ३६ र न्यून जोखिम भएका ३९ वडा छन्। पहिलो र दोस्रो लहरमा गरी हालसम्म २० हजार जनामा कोरोना परीक्षण गर्दा पाँच हजार बढी व्यक्तिमा सङ्क्रमण पुष्टि भएको छ। कोरोनाका कारण जिल्लामा ६९ जनाले ज्यान गुमाइसकेका छन्। उपचारका क्रममा जिल्ला बाहिरका अस्पतालमा मृत्यु भएकाको सङ्ख्या जोड्दा त्यो अझ बढी हुन आउँछ।


**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

**पोखरा महानगरपालिका वडा नं. ३ पोखरामा कन्या मार्ग पिच तथा ढल निर्माण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम : कन्या मार्ग पिच तथा ढल निर्माण**
**स्थानः पोमनपा वडा नं. ३ नदीपुर**
**योजना सम्झौता मिति : २०७८/०२/३१ गते**
**योजना सुरु मिति : २०७८/०३/०३ गते**
**योजना सम्पन्न मितिः २०७८/०३/२५ गते**
**योजनाको कुल लागत : रु. ९,७५,८६०।–**
**महानगरपालिकाबाट प्राप्त रकम : रु. ७,८०,६८८।–**
**जन सहभागितावाट : रु. १,९५,१७२।–**
**उपभोक्ता समितिः महाविर थापा– अध्यक्ष**
**कृष्ण अधिकारी– सचिव**
**बलराम पाण्डे– कोषाध्यक्ष**

**कन्या मार्ग पिच तथा ढल निर्माण समिति**
**पोखरा- ३ नदीपुर**

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

**पोखरा महानगरपालिका वडा नं. १८ पोखरामा लब्लिहिल ढुङ्गेखोला बाटो ढलान निर्माण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम : लब्लिहिल ढुङ्गेखोला बाटो ढलान निर्माण**
**स्थानः पोमनपा वडा नं. १८ लब्लिहिल, पोखरा**
**योजना सम्झौता मिति : २०७८/०२/१० गते**
**योजना सुरु मिति : २०७८/०२/११ गते**
**योजना सम्पन्न मितिः २०७८/०३/२५ गते**
**योजनाको कुल लागत : रु. २०,००,०००।–**
**महानगरपालिकाबाट प्राप्त रकम : रु.१०,००,०००।–**
**जन सहभागितावाट : रु.१०,००,०००।–**
**उपभोक्ता समितिः सरोज कुमार मण्डल– अध्यक्ष**
**उपाध्यक्ष– कृष्णराज कोइराला लाला गुरुङ– सचिव**
**आशिष कार्की– कोषाध्यक्ष**

**लब्लि हिल ढुङ्गेखोला बाटो निर्माण समिति**
**पोखरा- १८ लब्लिहिल**